जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २५१ २०८३ साल बैशाख ३१ गते बिहीबार (14 May 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पत्तिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : दूरसञ्चार क्षेत्र सुधारमा सरकार ... ३ पृष्ठमा : एसइई : एक महिनामै ... ३ पृष्ठमा : इरान युद्धमा अमेरिकाको ...

## अनिताको अपहरणपछि हत्या सडेगलेको अवस्थामा शव फेला



अनिता देवी रायको शव सडेगलेको अवस्थामा फेला परेको स्थल । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ स्थित बनरझुलाबाट एक सातादेखी हराइरहेकी एक महिलाको बुधबार शव फेला परेको छ ।

गत बुधबार रातीदेखी हराइरहेकी स्थानीय छोटु भनिने विरेन्द्र रायकी ३२ वर्षिया पत्नी अनिता देवी रायको शव सडेगलेको अवस्थामा फेला परेको हो ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ नौ किलोमिटर भन्ने स्थानमा रहेको कोशी नदीको स्परमा फेला परेको सप्तरी प्रहरीका प्रवक्ता एवं डीएसपी डम्बरबहादुर पुरीले जानकारी दिए ।

प्रवक्ता पुरीका अनुसार अनिताको हात र खुट्टा बाँधिएको तथा ढुङ्गा प्रहार गरी हत्या गरेको देखिएको छ । अर्धनग्न अवस्थामा फेला परेको उनको हत्या गरी कोशी नदी स्परमा फालिएको उनको भनाई छ ।

मृतकले लगाएको साडीले हात खुट्टा बाँधिएको, निजका पतिले प्रयोग गर्ने भेष्टमा गह्रौं ढुङ्गा हालेर घाँटीमा बाँधिएको अवस्थामा शव फेला परेकाले हत्या गरी शव लुकाउने प्रयास भएको उनले बताए ।

वडाध्यक्ष ललन राउतका अनुसार गत बुधबार छिमेकीका छोराको बिहेमा परिवारका अन्य सदस्य गएका बेला चार/पाँचजनाको अपरिचित समुहले अनिताको अपहरण गरेको खुलेको छ । सो क्रममा प्रतिवाद गर्दा अनिता घाईते समेत भएकी थिईन् । आँगनमा रगतको टाटा देखिएकाले अपहरणकारी संग जोगिन अनिताले निकै प्रयास गरेपनि आफुलाई बचाउन नसकेको देखिएको वडाध्यक्ष राउतको भनाई छ ।

अनिताका श्रीमान् विरेन्द्र विगत दुई बर्षदेखि रोजगारीका सिलसिलामा विदेशमा छन् । घट्नाको खबर पाए लगत्तै प्रहरी नायब उपरीक्षक पुरी नेतृत्वको टोली घट्नास्थलमा पुगी अनुसन्धान थालेका छन् ।

बुधबार नै शव निकालेर परिक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## परिक्षाका बेला विद्यार्थीसँग लिइएको रकम नगरपालिकाले विद्यालयलाई गऱ्यो फिर्ता



**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**
राजविराज नगरपालिका शिक्षा शाखाले कक्षा ८ को पालिका स्तरिय बोर्ड परिक्षाका बेला विद्यार्थीहरुसँग लिइएको रकम फिर्ता गरिदिएको जानकारी दिएको छ ।

बुधबार नगरपालिकामा आयोजित पत्रकार सम्मेलनमार्फत शिक्षा शाखाका प्रमुख भोगेन्द्र यादवले पालिका भित्रका संस्थागत तथा समुदायिक विद्यालयका विद्यार्थीसँग लिइएको रु. ५ सय विद्यालयलाई फिर्ता गरिदिएको जानकारी दिए ।

उनले पालिका भित्र ३९ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरु रहेको जानकारी दिदै ती सबै विद्यालयलाई परिक्षा वापत लिइएको रकम फिर्ता गरिदिएको र सो रकम अब विद्यालयहरुले आफ्ना विद्यार्थीहरुलाई फिर्ता गर्न निर्देशन समेत दिए । उनले शिक्षा समितिले रकम लिने गरेको निर्णयलाई सच्याउँदै समितिका तर्फबाट अब सो त्रुटी नहुने प्रतिबद्धता समेत जनाए ।

पत्रकार सम्मेलनमा कार्यवाहक नगरप्रमुख इसरत परविनले परिक्षा तयारी, व्यवस्थापन लगायतमा हुने सम्पूर्ण खर्च पालिकाले व्यहोरेको जानकारी समते दिइन् । यस्ता गल्तिप्रति आफूले शिक्षा शाखालाई स्पष्टिकरण समेत सोधको उनको भनाई छ ।

## करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**
सप्तरीको तिरहुत गाउँपालिका ४ डिमनमा एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ ।

स्थानीय जितेन्द्र यादवकी २६ वर्षिया श्रीमती बबिता देवी यादवको करेन्ट लागेर मंगलबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आफ्नै खेत बारीमा लगाएको बिधुतिय मोटरको तार जोड्ने क्रममा अचानक करेन्ट लागि घट्ना स्थलमै मृत्यु भएको हो ।


## घरमै बिक्रि बितरण गर्दै गर्दा लागुऔषध ब्राउनसुगरसहित महिला पक्राउ

**दैनिक समाचारदाता राजविराज, ३० बैशाख ।**
आफ्नै घरमा लागुऔषध ब्राउनसुगर बिक्रि बितरण गर्दै गरेको अवस्थामा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ ।

सप्तरीको कंचनरुप नगरपालिका ९ रुपनगर बस्ने ३० वर्षिया मनरेखा यादवले आफ्नै घरमा लागु औषध ब्राउनसुगर बिक्रि बितरण गरिरहेको बिशेष सुचनको आधारमा प्रहरीले उनलाई मंगलबार पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय कंचनपुर सप्तरीबाट प्रहरी निरिक्षक लेख बहादुर बिष्टको कमाण्डमा खटेको प्रहरीले घर खानतलासि गर्दा ब्राउनसुगर जस्तो देखिने पदार्थ फेला परेको जनाएको छ।

प्रहरीका अनुसार २.४९ ग्राम ब्राउनसुगर जस्तो पदार्थ र १४० ग्राम गाजा समेत फेला पारेकोले उनलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि इलाका प्रहरी कार्यालय कंचनपुरमा राखि थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।



# एसइई : एक महिनामै नतिजा, परिणाम पनि सुधारोन्मुख

**प्रकाश सिलवाल**
काठमाडौँ, ३० वैशाख (रासस) ।

"यत्ति छिटो नतिजा आउला र ?, हतारमा काम गर्दा कतै प्रणालीमै समस्या आउने त होइन ?" भन्ने प्रश्नका बीच माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा एक महिनामै सार्वजनिक भएको छ ।

यसपटक परीक्षा सम्पन्न भएको एक महिनामै नतिजामात्र सार्वजनिक भएन, नतिजा विगतका तुलनामा सुधार पनि भएको छ । राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले पूर्वनिर्धारित कार्यतालिकाबमोजिम एक महिनामै परीक्षाफल प्रकाशन गरेको हो । एक महिनाभित्र परीक्षाफल प्रकाशन गर्न शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले दिएको निर्देशनको पालनासँगै नयाँ सरकारले शैक्षिक पात्रोलाई सही अर्थमा कार्यान्वयन गर्न सक्ने विश्वास पनि पलाएको छ ।

छोटो समयमा परीक्षा प्रकाशन हुनु र नतिजामा सुधार आउनुलाई शिक्षाविद् एवं सरोकारवालाले सकारात्मक रूपमा लिएका छन् । परीक्षाफलअनुसार दुई लाख ८४ हजार १६० विद्यार्थी 'ग्रेडेड' भई ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी सफल भएका छन् । एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएका छन् । 'ननग्रेडेड' भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको अवसर प्राप्त गर्नेछन् ।

यसपटक दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्रले आवेदन फारम भरेकामा चार लाख ३० हजार ६६७ विद्यार्थी सहभागी थिए । गत वर्षको परीक्षामा ६१ दशमलव ८१ प्रतिशत विद्यार्थी 'ग्रेडेड' भएका थिए भने संवत् २०८० मा ४७ दशमलव ८७ प्रतिशत पास भएका थिए ।

गत चैत १९ देखि २९ गतेसम्म सञ्चालित २०८२ सालको एसइई परीक्षालाई यसपटक थप पारदर्शी र व्यवस्थित बनाइएको थियो । परीक्षालाई व्यवस्थित र उत्तरपुस्तिका परीक्षणलाई छिटोछरितो बनाई शीघ्र नतिजा प्रकाशन गर्न नयाँ निर्देशिका जारी गरिएको थियो ।

शिक्षाविद् प्रा डा मनप्रसाद वाग्लेले एक महिनामै नतिजा सार्वजनिक हुन सम्भव छैन भनेर पूर्वउपकुलपति, पूर्वरजिष्ट्रार बोर्डका पूर्वअध्यक्षसमेतले सामाजिक सञ्जालमा विरोध गरेको अवस्थामा तोकिएको समयमै परीक्षाफल प्रकाशन हुनुमा उत्तरपुस्तिका परीक्षणमा शिक्षकप्रतिको विश्वास नै पहिलो कारण भएको बताउनुभयो । वाग्लेले उत्तरपुस्तिका परीक्षणमा शिक्षकबाहेक अरु कोही विज्ञ नहुने स्पष्ट गर्दै छिटो नतिजा प्रकाशनलाई शिक्षकको लगाव र मिहिनेतको प्रतिफलका रूपमा विश्लेषण गर्नुभयो । "यसबाट राज्यले शिक्षकमाथि विश्वास गरेर हेर्नुपर्ने पाठ मिलेको छ । शिक्षकमाथि विश्वास गरे असम्भव कामहरू पनि सम्भव हुँदै जानेछन्", उहाँले भन्नुभयो, "शिक्षक विकासमा लगानी बढाएर गुणस्तरीय शिक्षाको लक्ष्य पूरा गर्न सकिन्छ ।"

बोर्डका सदस्यसचिव जङ्गबहादुर अर्यालले शिक्षामन्त्रीको निर्देशिकाका अतिरिक्त बोर्डले जनशक्ति थप र नयाँ निर्देशिकाको कडाइका साथ कार्यान्वयन गरेकाले समयमा नतिजा आउन सम्भव भएको बताउनुभयो । 'माध्यमिक शिक्षा परीक्षा (एसइई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा परीक्षा समाप्त हुने समयमा तोकिएका परीक्षकहरू परीक्षण केन्द्रमा पुगिसक्नुपर्ने प्रबन्ध गरिएको थियो । सदस्यचिव अर्यालले विगतमा परीक्षा केन्द्रमा उत्तरपुस्तिका पोको पारेर राखिने गरेकामा यसपटक तीन दिनभित्र विषयगत शिक्षकलाई समानुपातिक रूपमा वितरण गरेर सरासर जाँच गर्न लगाइएको अनुभव सुनाउनुभयो । उहाँले परीक्षण भएका उत्तरपस्तिका आउनुअगावै प्राप्ताङ्क सङ्कलन गरेर प्रविष्ट गरिएको र उत्तरपुस्तिका प्राप्त भएपछि भिडाएर 'टेबुलेसन' गरिएको बताउनुभयो ।

नेपाल शिक्षक महासङ्घका महसचिव ज्ञानेन्द्रबहादुर रावलले विगतका सरकारले थालेका सुधार अभियानमा अनिवार्य विषयहरूमा निःशुल्क अनलाइन कक्षासमेत चलाएर एसइईको नतिजा ७० प्रतिशतसम्म पुर्‍याउने घोषणा र वर्तमान सरकारले एक महिनाभित्र परीक्षाफल प्रकाशनको निर्णयको पृष्ठभूमिमा शिक्षकहरूले निरन्तर साथ दिँदै आएको बताउनुभयो ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२ मा परीक्षा भएकै दिन परीक्षक र संपरीक्षकलाई उत्तरपुस्तिका बुझाइने, परीक्षणमा लापरवाही गरेको पाइएमा लापरवाहीको मात्रा हेरी पुनः परीक्षण गराउने, पारिश्रमिक कट्टा गर्ने वा परीक्षकको सूचीबाट नाम हटाउने, अन्य अमर्यादित कार्य गरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत गर्ने निर्देशिकामा उल्लेख थियो । सोही आधारमा मर्यादा र पारदर्शिता कायम भएको परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताउनुभयो ।

यस वर्ष परीक्षा सम्पन्न भएको बढीमा तीन दिनभित्र परीक्षण सम्पन्न गरिसक्ने र मार्कस्लिप प्रिन्ट गरी ट्याबमा चढाइ खाममा शिलबन्दी गरी गोप्य र सुरक्षित रूपमा शिक्षा विकास तथा समन्वय एकाइमा तीन दिनभित्र बुझाउनुपर्ने व्यवस्था गरिएको थियो । केन्द्रले प्राप्त हुने उत्तरपुस्तिकामा प्याकेट तोकिएको ढाँचामा लगत खडा गरी शिलबन्दी खाममा परीक्षा केन्द्र र विषय उल्लेख गरेर परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) मा पठाउन भनेको थियो । माध्यमिक शिक्षा परीक्षा (एसइई)लाई सम्बन्धित विद्यालयको उत्तरपुस्तिका नपर्ने गरी परीक्षक र संपरीक्षक व्यवस्था गर्नुपर्ने र नतिजा प्रकाशनलाई प्रदेशगत रूपमा पनि प्रकाशन गर्न सकिने व्यवस्था गरिएको छ ।

उत्तरपुस्तिका परीक्षक र संपरीक्षकलाई परीक्षण केन्द्रमा नै रहेर परीक्षण गर्न भनिएको थियो । परीक्षण केन्द्र रहेको विद्यालयको भवनमा सम्भव भएसम्म सिसीटिभी जडान भएको सुरक्षित कक्षमा परीक्षण र संपरीक्षण गराउने, परीक्षण केन्द्रबाट उत्तरपुस्तिका बाहिर लैजान सक्ने, तोकिएका परीक्षकको सट्टामा अन्यले परीक्षण गर्न सक्ने, तोकिएको योग्यता नपुगेका शिक्षकले परीक्षण गर्न सक्ने, उत्तरपुस्तिकाको पोका हराउन वा मिसिन सक्नेजस्ता अनियमितता रोक्ने प्रबन्ध गरिएको थियो । परीक्षक र संपरीक्षकले परीक्षण कक्षमा मोबाइललगायत विद्युतीय उपकरण ल्याउन नहुने निर्देशिकामा उल्लेख छ ।

विसं २०७३ मा भएको शिक्षा ऐनको आठौँ संशोधनले विद्यालयको संरचना बदलेर कक्षा १२ लाई विद्यालय तहको अन्तिम कक्षा हुने व्यवस्था गरेको छ । संविधानमा तीन तहको सरकारको अधिकार क्षेत्र बाँडफाँड गर्दा कक्षा १० को परीक्षा प्रदेशअन्गार्तत राखिएको छ । नयाँ विद्यालय शिक्षा विधेयक संसद्मा पेस हुने चरणमा छ । सरकारले आगामी वर्षदेखि एसइई परीक्षा प्रदेशस्तरमा सञ्चालन गर्ने तयारी पनि गरेको छ ।


राजविराज नगरपालिका

८ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३ मिति: २०८३/०१/३०

चलानी – ८२२

विषय – जग्गाहरु नामसारी सुचना सम्बन्धमा ।

सुचना सुचना सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वडा नं ५ हाल परिवर्तित वडा नं ८ बस्ने स्व.जितन प्रसाद सिंह् को नाति स्व.रामाशिष प्रसाद सिंह् र स्व.श्रीमती शैल कुमारी सिंह् को एक मात्र छोरा वर्ष ४३को अभिषेक सिंह् ले यस वडा कार्यालयमा उपस्थित भई मेरो बुवा को मृत्यु मिति २०७८/०३/०३ गते र मेरो आमा को पनि मिति २०८२/१२/१०गते आफ्नो कालगती ले भएकोहो निज मृतकहरु को सबैभन्दा नजिक नातेदार म एक मात्र छोरा अभिषेक सिंह् रहेको हुदाँ दिदिबहिनी आफ्नो कुटुम्ब को मा गइ सके को हो मृतक आमा को नाउको जग्गा एक मात्र छोरा अभिषेक सिंह् को नाउमा नामसारी गरी पाऊ भन्नी यस वडा कार्यालय द.नं.६५०मिति २०८३/०१/३०गते मा निवेदन पर्न आएको हुदाँ यो सुचना प्रकाशित भएको मितिले ३५दिन भित्र हक अंश लाग्ने अन्तियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई गएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन एन मालपोत को नाममा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

तपसिल

मृतक श्रीमती शैल कुमारी सिंह् को नाउमा रहेको जग्गाहरु

| जिल्ला | गा.वि.स/न.पा | वडा नं. | कि.नं. | क्षे.फ |
|---|---|---|---|---|
| सप्तरी | राजबिराज | ५क | २०६३ | ०-१-७.७५ |
| " | " | ५क | २०५२ | ०-१-०.५ |
| सप्तरी | फकिरा | १ | ३७५ | ०-८-१६ |
| " | मनेठ | ७क | १४५२ | ०-०-५.५० |



भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी

राजबिराज

मिति :-२०८३/०१/२८

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसभा जिल्ला सप्तरी गा.वि.स. हनुमाननगर वार्ड नं. ५ हाल हनुमाननगर कंकालिनी न.पा. वडा नं. ९ बस्ने मोहनलाल भटेराको बुहारी हेमन्त कुमार भटेरा जैनको पत्नी अंजु देवी भटेराको यस कार्यालयमा द.नं. २०२२५ मिति २०८२/१२/१० गतेमा माग निवेदन बमोजिम ऐ.ऐ. बस्ने सुखलालको नाति रकमानन्दको छोरा मोहन लाल भटेराको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गर्न माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०१/२८ मा आदेश भए बमोजिमं यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिलः-

| जग्गाधनी | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | निवेदक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| मोहन लाल भटेरा | सप्तरी | १ नं. जोगिनिया | १<br>१ | २५७<br>७२५ | ०-०-१९<br>०-१-१५ | अंजु देवी भटेरा | ससुरा मोहन लाल भटेराको मिति २०७७/०८/१९ मा मृत्यु भई निजको बुहारी अंजु देवी भटेराको माग दावी रहेको |


# विश्व समाचार

## इरान युद्धमा अमेरिकाको खर्च १० खर्ब डलर

वासिङ्टन, ३० वैशाख (रासस/एएनआई) ।

इरानविरुद्ध अमेरिकाले सञ्चालन गरिरहेको सैन्य अभियानको लागत तीव्र गतिमा बढ्दै गएको छ । पेन्टागनले हालसम्म करिब २९ अर्ब अमेरिकी डलर खर्च भएको स्वीकार गरे पनि विज्ञहरूले वास्तविक खर्च त्यसको धेरै गुणा बढी भइसकेको दाबी गरेका छन् । दीर्घकालीन सैनिक खर्च, दिग्गज सैनिकहरूको स्वास्थ्य सेवा, क्षतिग्रस्त सैन्य संरचनाको पुनर्निर्माण तथा नयाँ हतियार उत्पादनको लागत जोड्दा यो युद्धले अमेरिकालाई अन्ततः १० खर्ब अमेरिकी डलरसम्म आर्थिक भार पार्न सक्ने चेतावनी दिइएको छ । पेन्टागनका वरिष्ठ बजेट अधिकारी जे हर्स्टले मङ्गलबार अमेरिकी सांसदहरूसामु गवाही दिँदै इरानविरुद्धको सैन्य अभियानमा हालसम्म २९ अर्ब अमेरिकी डलर खर्च भइसकेको जानकारी दिनुभयो । यसअघि पेन्टागनले अमेरिकी कंग्रेसलाई करिब २५ अर्ब अमेरिकी डलर खर्च हुने अनुमान दिएको थियो । तर पछिल्ला परिचालन खर्च, उपकरण मर्मत तथा सैन्य सामग्री प्रतिस्थापनको लागत बढेपछि अनुमान पुनः संशोधन गरिएको हो । हर्स्टका अनुसार युद्ध क्षेत्रमा सैनिक तैनाथ राख्न लाग्ने दैनिक खर्च, क्षतिग्रस्त उपकरणको मर्मत, मिसाइल प्रणालीको पुनःस्थापना र सैन्य तयारीलाई कायम राख्नुपर्ने अवस्थाले खर्च उल्लेखनीय रूपमा बढाएको छ । उहाँले अमेरिकी सिनेटको एप्रोप्रिएसन उपसमितिको सुनुवाइमा अहिलेको २९ अर्ब डलरको अनुमानमा मध्यपूर्वस्थित अमेरिकी सैन्य अड्डाहरूमा पुगेको क्षतिको लागतसमेत समावेश नभएको स्पष्ट पार्नुभयो ।

"यस क्षेत्रका सैन्य अड्डामा पुगेको क्षतिको पूर्ण मूल्याङ्कन अझै गरिएको छैन", हर्स्टले भन्नुभयो । अमेरिकी सञ्चारमाध्यम सिएनएनका अनुसार पेन्टागनभित्र गरिएका आन्तरिक मूल्याङ्कनहरूले युद्धको वास्तविक लागत अझै धेरै माथि पुग्ने सङ्केत दिएका छन् । क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माण, सैन्य सम्पत्तिको प्रतिस्थापन तथा अतिरिक्त सैन्य तयारीको हिसाब गर्दा खर्च ४० अर्बदेखि ५० अर्ब अमेरिकी डलरसम्म पुग्न सक्ने अनुमान गरिएको छ । यद्यपि हार्वर्ड केनेडी स्कुलले हालै सार्वजनिक गरेको अनुसन्धानले भने स्थिति अझ गम्भीर हुन सक्ने देखाएको छ । युद्ध बजेट विशेषज्ञ लिन्डा बिल्मेसले इरान युद्धको कुल लागत अन्ततः १० खर्ब अमेरिकी डलरसम्म पुग्ने दाबी गर्नुभएको छ । उहाँका अनुसार अहिले सार्वजनिक गरिएको खर्च वास्तविक युद्ध लागतको सानो हिस्सा मात्र हो, आगामी वर्षहरूमा यसको आर्थिक भार अझ धेरै बढ्नेछ ।

बिल्मेसले छोटो अवधिको प्रत्यक्ष सैन्य खर्च मात्रै प्रतिदिन करिब दुई अर्ब अमेरिकी डलर पुगिरहेको बताउनुभयो । यसमा मिसाइल प्रहार, अवरोधक प्रणाली सञ्चालन, विमानवाहक युद्ध समूहको परिचालन, सैनिकहरूको युद्ध भत्ता, उपकरण मर्मत तथा क्षतिग्रस्त सैन्य सामग्रीको प्रतिस्थापन समावेश रहेको उहाँले उल्लेख गर्नुभयो । अनुसन्धान प्रतिवेदनअनुसार युद्ध सुरु भएको प्रारम्भिक केही दिनमै अमेरिकाले कम्तीमा १६ अर्ब अमेरिकी डलर बराबरको सैन्य सामग्री प्रयोग गरिसकेको थियो । महँगा मिसाइल प्रणालीको तीव्र प्रयोग र उच्च परिचालन लागतका कारण यो खर्च पेन्टागनको प्रारम्भिक अनुमानभन्दा धेरै माथि पुगेको हो । बिल्मेसका अनुसार अमेरिकाले इरान युद्धको पहिलो चार दिनमै पछिल्ला चार वर्षमा युक्रेनलाई उपलब्ध गराएको भन्दा बढी प्याट्रियट मिसाइल प्रहार गरेको थियो । उहाँले अमेरिकी सैन्य भण्डार तीव्र गतिमा खाली हुँदै गएको र तिनको पुनःउत्पादन अहिलेको बजार मूल्यमा अत्यन्त महँगो पर्ने बताउनुभयो । उहाँका अनुसार अमेरिकी सूचीमा रहेका टोमहाक मिसाइलहरूको पुरानो मूल्य करिब २० लाख अमेरिकी डलर भए पनि अहिले त्यही मिसाइल पुनःउत्पादन गर्न ३० लाखदेखि ३५ लाख अमेरिकी डलरसम्म खर्च लाग्छ । त्यसैगरी प्याट्रियट मिसाइलको पुरानो लागत १० लाखदेखि २० लाख अमेरिकी डलर रहे पनि नयाँ संस्करणहरूको मूल्य प्रतिगोटा ४० लाखदेखि ५० लाख अमेरिकी डलरसम्म पुगेको छ । इन्धन, सैन्य उपकरण र अन्य आपूर्तिमा पनि यस्तै मूल्यवृद्धि देखिएको उहाँले बताउनुभयो ।

बिल्मेसले युद्धका कारण अमेरिकी रक्षा उद्योगलाई ठूलो आर्थिक अवसरसमेत सिर्जना भएको उल्लेख गर्नुभयो । लकहिड मार्टिन र बोइङजस्ता रक्षा कम्पनीहरूसँग मिसाइल तथा अवरोधक प्रणाली उत्पादन बढाउन ठूला सम्झौताहरू भइरहेका छन् । साथै मध्यपूर्वस्थित अमेरिकी सैन्य अड्डाहरूको पुनर्निर्माण र सुरक्षामा थप अर्बौं डलर खर्च हुन सक्ने बताइएको छ । विशेषज्ञहरूले दीर्घकालीन आर्थिक असर अझ गम्भीर हुन सक्ने चेतावनी दिएका छन् । युद्धमा सहभागी हजारौँ अमेरिकी सैनिकहरू भविष्यमा स्वास्थ्य समस्या, अशक्तता तथा मानसिक आघातबाट प्रभावित हुन सक्ने भएकाले उनीहरूको उपचार र सेवा-सुविधामा पनि ठूलो रकम खर्च हुनसक्ने अनुमान गरिएको छ । विशेषगरी पीएसीटी ऐनअन्तर्गत दिग्गज सैनिकहरूको स्वास्थ्य सेवा खर्च आगामी दशकहरूमा बढ्दै जाने बताइएको छ । बिल्मेसले बढ्दो रक्षा खर्च र युद्ध सञ्चालनका लागि लिइँदै आएको ऋणले अमेरिकाको राष्ट्रिय ऋणलाई थप चर्काउने चेतावनी दिनुभयो । हाल अमेरिकाको राष्ट्रिय ऋण करिब ३१० खर्ब अमेरिकी डलर पुगेको छ । "म निश्चित छु, इरान युद्धका कारण अमेरिका अन्ततः १० खर्ब डलरभन्दा बढी आर्थिक भारमा पुग्नेछ । सम्भवतः त्यो रकमको ठूलो हिस्सा अहिले नै प्रतिबद्ध भइसकेको छ", बिल्मेसले भन्नुभयो ।

## लेबनानमा इजरायली भएको आक्रमणमा १३ जनाको मृत्यु, १४ घाइते

बेरुत (लेबनान), ३० वैशाख (रासस/क्युएनए) ।

दक्षिणी लेबनानमा भएको पछिल्लो इजरायली हवाई आक्रमणमा परी १३ जनाको मृत्यु हुनुका साथै खन्य १४ जना घाइते भएको जनाइएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयले नबातियाह सहरमा इजरायली हवाई आक्रमणमा परी मृत्युहुनेहरुको सङ्ख्या पाँच जना पुगेको जनाएको छ । जसमा दुई जना घाइतेहरुको अवस्था चिन्ता जनक भएकाले नागरिक सुरक्षा एजेन्सिको सहयोगमा उच्च निगरानीको साथ आषधी उपचार गरिरहेको जनाइएको छ । नबातीह जिल्लाको जेबचित सहरमा भएको हवाई आक्रमणमा लेबनानी सैनिक र एक सिरियाली नागरिकसहित चार जनाको मृत्यु भएको छ भने अन्य १२ जना घाइते भएका छन् । बिन्ट जेबिल जिल्लाको कफार्डोनिनमा भएको हवाई आक्रमणमा चार जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । गत मार्च २ देखि लेबनानविरुद्ध चलिरहेको इजरायली आक्रमणमा परी मृत्यु हुनेहरुको सङ्ख्या दुई हजार ८८२ जना पुगेको लेबनानको स्वास्थ्य मन्त्रालयले मङ्गलबार घोषणा गरेको छ भने, आक्रमणका क्रममा आठ हजार ७६८ घाइते भएको जनाइएको छ ।

# पत्रकार साहले छोरीको जन्मदिन बालबालिकालाई शैक्षिक सामग्री वितरण गर्दै मनाए



**दैनिक समाचारदाता**
**राजविराज, ३० बैशाख ।**
सप्तरीका पत्रकार ओम प्रकाश साहले आफ्नी ६ वर्षिया छोरी ओरिसाको जन्म दिन बालबालिकालाई शैक्षिक सामग्री वितरण गर्दै मनाएका छन् ।

ओरिसाको छैठौं जन्म दिवसको अवसर पारेर साहले बुधबार राजविराज ६ स्थित बहिरा बालक विद्यालयमा अध्ययनरत बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेका हुन् ।

विद्यालयमा अध्य्यनरत १५ जना बालबालिकालाई कापी, कलम, पेन्सिल, कटर, इरेजर सहितका सामग्री प्रदान गरिएको ओरिसाका आमा रिताले जानकारी दिइन ।

साह दम्पतीले यसअघि छोरीको पहिलो जन्मोत्सवमा कोरोनाकालका बेला एक विपन्न र कारोना पीडित परिवारलाई एक महिन पुग्ने गरी खाद्यान्न वितरण गरेका थिए ।

यस्तै दोश्रो जन्मोत्सवमा जनता आधारभूत चारजना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरेका थिए । तेश्रो पटक श्री राजोबती माध्यमिक विद्यालयका चार, चोथौ पटक जनता राष्ट्रिय दलित आधारभूत विद्यालयका ४५ तथा पाँचौ पटक जनता आधारभूत विद्यालयका १४ जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरी साह दम्पतीले छोरी ओरिसाको जन्मदिन मनाएका थिए ।

सो अवसरमा नेपाल प्रेस युनियनका पुर्व अध्यक्ष समेत रहेका पत्रकार ओम प्रकाश साहको अध्यक्षता तथा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको प्रमुख आतिथ्यमा आयोजित शैक्षिक सामग्री वितरण कार्यक्रममा देवसहित नेपाल पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्ष धिरेन्द्र प्रसाद साह, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण, वडा नं. ६ का सदस्य दीपक शर्मा, विद्यालयका प्रधानाध्यापक चाँदनी यादव सहितकाले सामग्री वितरण गरेका थिए ।

# आगलागिमा ६ लाख भन्दा बढी मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ३० बैशाख ।**
सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. १ खुरहुरियामा मंगलबार भएको आगलागिमा ६ लाख भन्दा बढी मुल्य बराबरको क्षति भएको छ ।

स्थानीय बेद बिहारी मण्डलको काठले बनेको गोठ घरमा बालेको घुरबाट आगो सल्किदा २ लाख बराबरको धान, १ लाख बराबरको सिसोको काठ, एउटा बाछो तथा गोठ गरि ६ लाख २० हजार मुल्य बराबरको धनमाल जलेर क्षति भएको प्रहरीले जनाएको छ ।

वडा प्रहरी कार्यालय राजविराजबाट खटेको टोली, स्थानिय तथा नेपाली सेनाको दमकल समेतको सहयोगमा आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ३० वैशाख ।**
सर्लाहीको रामनगरमा मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ भने अर्का एक युवक गम्भीर घाइते भएका छन् ।

मंगलबार राति बरहथवाबाट मधुवनीतर्फ गइरहेको ज७प २६१३ नम्बरको मोटरसाइकल नयाँरोड-मधुवनी सडकखण्डअन्तर्गत रामनगर गाउँपालिका-५ वैजनाथ चोकमा दुर्घटना हुँदा मोटरसाइकल चालक भारतको सीतामढी ग्रामपञ्चायत ढेगका ३५ वर्षीय गौरव पटेलको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सरोज राईका अनुसार मोटरसाइकलमा सवार २३ वर्षका सोही स्थानका उज्ज्वल पटेल गम्भीर घाइते भएका छन् । निजको सीतामढीमा उपचार भइरहेको उनले जानकारी दिए ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

# इन्भेष्टमेन्ट मेगा बैंकका सिइओ पक्राउ

काठमाडौँ, ३० वैशाख (रासस) ।
केन्द्रीय अनुसन्धान ब्युरोको प्रहरी टोलीले सरकारी सम्पत्ति कानुनविपरीत लिलामी गरेको अभियोगमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई सिन्धुलीबाट पक्राउ गरेको छ ।

निजी क्षेत्रको स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल नेपाल दूरसञ्चार प्राधिकरणले नियन्त्रणमा लिएको अवस्थामा उक्त सम्पत्तिमा सरकारी हक टुटाएर लिलामी प्रक्रियामा संलग्न भएको आरोपमा निजलाई पक्राउ गरिएको हो ।

ब्युरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार प्रमुख कार्यकारी अधिकृत पाण्डे 'लोन रिकभरी कमिटी'को अध्यक्षको हैसियातमा उक्त लिलामी प्रक्रियामा सहभागी भएको अनुसन्धानबाट खुलेको छ ।

मोबाइल फोन स्वीचअफ गरी भाग्दै गरेको अवस्थामा पाण्डेलाई जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिइएको प्रहरी टोलीको सहयोगमा कमलामाई नगरपालिका-६ बाट सवारी जाँचका क्रममा पक्राउ गरिएको हो ।

स्मार्ट टेलिकमले अनुमतिपत्र नवीकरण नगरेका कारण २०८० वैशाख ३ गते अनुमति स्वतः रद्द भएको थियो( । दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार प्राधिकरणले उक्त सम्पत्ति नियन्त्रणमा लिएको थियो ।

आगलागी

एक छिनको गल्ती ठूलो क्षति, किन ल्याउने यस्तो विपति ?
सजग बनौं, होसियार रहौं, आगलागीबाट धनजन जोगाऔं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

एक छिनको लापरबाही, बन्न सक्छ ठूलो तबाही ।
पहिल्यै सोचौं, होऔं सावधान, आगलागीबाट जोगाऔं घरपरिवार ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

सानो आगो भनी बेवास्ता नगर, क्षणमै हुन सक्छ खरानी ठूलो घर
ध्यान दिऔं, सजग रहौं, आगलागीबाट जीवन सुरक्षित बनाऔं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

चुलो, ग्याँस अनि बिजुलीको तार
ध्यान दिएन भने हुन सक्छ ठूलो मार
सुत्नु अघि जाँच गरौं, आगलागी समयमै टारौं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*